शिवालय गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सिमा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

पत्र संख्याः ०७७।७८
चलानी नम्बरः ६२३

## सूचीदर्ता गराउने सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति २०७७/०९/१५**

प्रस्तुत यस शिवालय गाउँपालिकामा चालु आ.व.२०७७/०७८ को स्वीकृती बार्षिक कार्यक्रम अनुसार तपशिलमा उल्लेखित कार्यहरुको सेवापरामर्शवाट कार्य गर्न पर्ने भएकोले योग्य, अनुभवी, ईच्छुक फर्म, परामर्शदाता, संस्था वा कम्पनीहरुबाट तोकिए बमोजिमका आवश्यक कागजात सहित निबेदन पेश गर्न सार्वजनिक खरिद ऐन २०६३ को दफा २(क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को ( संशोधन सहितका) नियम १८ वमोजिम यो सूचना प्रकाशित गरिएकाले १५ दिन भित्र रित पूर्वक निबेदन उल्लेखित ईमेल ठेगाना वा कार्यालयमा कार्यलय समयभित्र पेश गरी सूची दर्ता गराउन आव्हन गरिन्छ।

अनिलकुमार पाण्डे
नि. प्रमुख प्रशासकीय अधिकृत

तपशिल

१) परामर्शका तथा सेवाका क्षेत्र तथा बिषयहरु :

- योजनाहरुको बिस्तृत सर्भे डिजाइन कार्य
- वातावरणीय परीक्षण
- स्थानीय अनुकूलन कार्ययोजना निर्माण
- जलाधार क्षेत्र सम्बन्धि अध्ययन
- पर्यटकिय गरुयोजना निर्माण

२) आवश्यक काजगतहरु :

- रितपूर्वक दिईएको ढाँचामा आधिकारीक निबेदन ( माथी उल्लेखित मध्ये आफुले कार्य गर्न चाहेको बिषय तथा क्षेत्र स्पष्ट उल्लेख भएको।)
- संस्था दर्ता र आ.व. २०७६/०७७ को नविकरण अद्यावधिक प्रमाण पत्रको प्रतिलिपी।
- स्थायी लेखा नम्वर (PAN) तथा मूल्य अभिबृद्धि कर (VAT) प्रमाण पत्रको प्रतिलिपी।
- आ.व. २०७६/०७७ को कर चुक्त प्रमाण पत्रको प्रतिलिपी।
- आ.व. २०७६/०७७ को लेखा परिक्षणको प्रमाण पत्रको प्रतिलिपी।
- सम्वन्धित क्षेत्रको अनुभव र कार्य क्षमता खुल्ने कागजातहरु।
- संस्थाको प्रोफाईल तथा CV
- कालो सूचीमा नरहेको स्व-घोषणा।

३) माथी बुदा नं. २ मा उल्लेखित सम्पुर्ण कागजातहरु ( प्रत्येक बिषय तथा क्षेत्रको छुट्टाछुट्टै निबेदन र कागजात) संस्थाको आधिकारीक व्यक्तिबाट सही छाप गरी स्क्यान कपी तल उल्लेखित ईमेलमा पठाउनु पुर्ने छ। साथै कार्यलयमा पेश गर्न चाहनेले खामबन्दी सहितको उक्त कागजातहरु ( प्रत्येक बिषय तथा क्षेत्रको छुट्टछुट्टै ) तल उल्लेखित ठेगानामा, कार्यलय समयमा पेश गर्नु पर्ने छ।

Website: www.shibalayamun.gov.np Email: shibalayamun@gmail.com
Contact: 9758007587/88, 9758002378, 9851132082, 9858050808,

शिवालय गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सिमा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

पत्र संख्याः ०७७/७८
चलानी नम्बरः ६६६

४) आवेदक फर्म, संस्था, व्यक्ति वा कम्पनीको आधिकारीक कागजातहरु, अनुभव तथा संस्थागत क्षमतालाई आधारमानि सूची तयार गरिनेछ । नियमानुसार सूचीकृतमा परेका आवेदक फर्म, संस्था, व्यक्ति वा कम्पनीहरुबाट आवश्यकता अनुसार प्रस्तावना माग गरिनेछ ।

५) सूची दर्ता निवेदनको ढाँचा "सार्वजनीक खरिद नियमावली २०६४"को अनुसूची -२क बमोजिम हुनुपर्नेछ ।

निबेदन पेश गर्ने ठेगाना
शिवालय गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमा, जाजरकोट
ईमेल : shibalayamun@gmail.com
सम्पर्क नं. ९७५८००७५८७, ९७५८०००७५८८

प्रमुख प्रशासकीय अधिकृत

Website: www.shibalayamun.gov.np Email: shibalayamun@gmail.com
Contact: 9758007587/88, 9758002378, 9851132082, 9858050808,